# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, असार ८ गते २०४५ साल (अतिरिक्ताङ्क १४


## भाग १

### राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको उनन्चालीसौं अधिवेशनलाई २०४५ आषाढ ८ गते रोज ४ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शाही सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,**

१. दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाद्वारा राष्ट्रको समष्टि हित र कल्याणका निमित्त सदा सचेष्ट रहने यस राष्ट्रिय पञ्चायतको उनन्चालीसौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । आत्मपरक संकीर्ण चिन्तन र व्यवहारबाट माथि उठेर राष्ट्र र जनताको बृहत्तर स्वार्थका लागि पञ्चायत व्यवस्थाले उपलब्ध गराएको प्रजातान्त्रिक अवसरलाई स्वस्थ रूपले उपयोग गरेमा नै सबैको साझा रूपले कल्याण हुनेछ ।

२. राष्ट्रिय विकास योजना अनुसार आर्थिक उन्नतिका बृहत् लक्ष्यहरू हासिल गर्नुका साथै गरीबीको रेखामुनि रहेका जनताको आधारभूत आवश्यकता पूर्ति हुन सक्ने अवसर सिर्जना हुने गरी विकासका प्रक्रियाहरूलाई सञ्चालन गर्नु पर्ने आवश्यकताको बोध सबैलाई भइसकेको छ । यसका लागि एकातिर राष्ट्रिय लगानीको दरमा वृद्धि गर्नुपर्दछ भने अर्कोतिर लगानीको उत्पादकत्व बढाउनु पनि उत्तिकै जरूरी हुन्छ । मेरो सरकारले समाजका कमजोर वर्गलाई उत्पादन एवं उपभोग गर्न सक्षम तुल्याउन सीप, पूँजी तथा आयमूलक रोजगारीका अवसर प्रदान गर्ने कार्यक्रमको सञ्चालनमा जोड दिने नीति अपनाएको छ । आगामी आर्थिक वर्षमा यही दिशामा स्पष्ट रूपमा सरकारी तथा निजी क्षेत्रको कार्यकलाप तथा लगानीलाई उन्मुख गराइनेछ ।

३. मेरो सरकारले देशभित्र सिर्जना भएका रोजगारीका अवसरहरूको उपभोग गर्न सक्ने तुल्याउन स्वदेशी श्रमिकहरूको सीप बढाउने तालीम प्रदान गर्न विशेष ध्यान दिनेछ । साथै, बैंकहरूको कर्जा कार्यक्रम, व्याज दर, ज्याला दर सरकारी कर आदि नीतिहरू तर्जुमा गर्दा खासगरी गरीबीको रेखामुनि परेका जनताको रोजगारी बढाउने कार्यलाई प्रोत्साहन दिने दृष्टिकोण अपनाइनेछ ।

४. विद्यमान बैंकिंग तथा वित्तीय संस्थाहरूबाट हाल काम गर्ने क्षमता तथा जाँगर भएर पनि धितो राख्न नसक्ने थोरै मानिसहरूले मात्र ऋण पाउन सकेका छन् । यस स्थितिमा सुधार ल्याउन मेरो सरकारले वाणिज्य बैंकहरूलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस क्षेत्रमा उन्मुख गराउन जिल्लाहरूमा क्रमशः अग्रगुवा बैंक व्यवस्था सञ्चालन गर्ने भएको छ ।

५. केही वर्षदेखि मेरो सरकारले अपनाई आएका आर्थिक नीतिहरूबाट देशको अर्थ व्यवस्थामा अनुकूल असर परेको देखिएको छ । तसर्थ, आगामी वर्ष पनि यी नीतिहरूको अनुसरण गरिनेछ । देश विकासको लागि लगानी वृद्धि गर्दै जानुपर्ने सन्दर्भमा आन्तरिक साधनको सकेसम्म बढी परिचालन गर्नुपर्ने तथ्यमाथि ध्यान दिई वित्तीय क्षेत्रको मौलिक सुधार तथा विकास गर्नुका साथै राजस्व प्रशासनलाई सुदृढ तथा प्रभावकारी बनाउन जोड दिइनेछ ।

६. राष्ट्रिय उत्पादनको अत्यधिक अंश कृषि क्षेत्रबाट प्राप्त हुने हुनाले कृषि उत्पादन वृद्धि गर्ने कार्यमा हुने लगानीलाई मेरो सरकारले प्राथमिकता दिंदै आएको छ । कृषकहरूलाई उपलब्ध गराइने साधन र सेवाहरू सुलभ गराउन जिल्लाहरूमा स्थापित सेवा केन्द्रहरूलाई सुदृढ गराई विस्तार गर्दै लैजाने मेरो सरकारको नीति रहेको छ । स्थानीय सम्भाव्यताको आधारमा ठोस रूपमा सञ्चालन गरिएका खाद्यान्न, फलफूल, तरकारी, माछा एवं सघन पशु विकास कार्यक्रमहरूलाई अझ बढी विस्तार गर्दै लगिनेछ । राम्रो बीउ-बिजन, फलफूलका बोट-विरूवा, माछा-भुरा, उन्नत नश्लका पशुपन्छीको आपूर्ति गर्ने काममा निजी क्षेत्रलाई अघि बढाई लैजाने नीति मेरो सरकारले अपनाएको छ ।

७. सिंचाइ कार्यक्रमलाई तीव्र रूपमा अगाडि बढाउन साना तथा मझौला सिंचाइ आयोजनाहरूलाई व्यापक रूपमा कार्यान्वयन गर्न मेरो सरकारले जोड दिनेछ । सिंचाइ विकास कार्यक्रमलाई द्रुततर गतिले विस्तार गर्न जनसहभागिताको महत्त्वपूर्ण भूमिका रहने भएकोले साना तथा मझौला सिंचाइ आयोजनाको छनौट निर्माण तथा सम्भार, सञ्चालन एवं सुरक्षा गर्ने कार्यमा उपभोक्ता समितिलाई सरिक गराइनेछ । कृषकहरूले बनाएका कुलाको सुधार-मर्मत तथा सामूहिक स्वामित्वमा सञ्चालन गर्न खोजिएका नयाँ सिंचाइ आयोजनाहरूका लागि आयोजनाको सम्भाव्यताको आधारमा लागत खर्चको केही अंश मेरो सरकारले अनुदानस्वरूप व्यहोरिदिनेछ । कृषि विकास बैंकमार्फत उपलब्ध गराइएका



223

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहुलियतपूर्ण कर्जाको उपयोग गरी सिंचाइका लागि ट्युबवेल तथा पानी तान्ने पम्पहरूको प्रयोग गर्ने कृषकहरूले देखाएको अभिरुचिलाई दृष्टिगत गरी यस प्रकारको कार्यक्रमलाई अझ विस्तार गर्न जोड दिइनेछ ।

८. कृषि उत्पादनमा वृद्धि एवं सामाजिक न्यायको दृष्टिकोणबाट थालिएको भूमिसुधार कार्यक्रमलाई विश्वसनीय वातावरणमा अगाडि बढाउने क्रममा अनिवार्य बचतको सङ्कलित रकम सम्बन्धित बचतकर्तालाई तीन वर्षभित्र चुक्ता गर्ने गरी मेरो सरकारले आगामी आर्थिक वर्षदेखि फिर्ता बुझाइदि थाल्नेछ ।

गाउँ-ब्लकको जग्गामा नेपाली नागरिकहरूले घरधुरी खडा गरी भोग-चलन गरिआएकोमा त्यस्तो घर-जग्गाको कित्ता-नापी गरी सम्बन्धित व्यक्तिहरूको नाममा दर्ता गरिदिने नीति मेरो सरकारले आगामी आर्थिक वर्षदेखि अपनाउनेछ । गुठीतर्फ, जग्गा कमाउने मोहीलाई नै जग्गावाला बनाइने कानूनी व्यवस्थालाई गुठी संस्थानद्वारा कार्यान्वियन गर्न थालिइसकेको छ र यो काम आगामी वर्ष पनि जारी राखिनेछ ।

९. नेपालको वनक्षेत्रको विकासका लागि मेरो सरकारले एक दीर्घकालीन गुरु योजना तर्जुमा गर्दैछ । महेन्द्र राजमार्ग उत्तरतर्फको चुरे र भावर क्षेत्रलाई सकेसम्म वनले ढाक्ने नीति मेरो सरकारले अवलम्बन गर्दै लैजानेछ । गरीबीको रेखामुनिका जनसाधारणले वन लगाउन इच्छा गरेमा कबुलियती वन दिने व्यवस्था मेरो सरकारले क्रमिक रूपले मिलाउँदै जानेछ । यसमा संलग्न परिवारहरूको न्यूनतम जीवनोपार्जनको निम्ति तोकिएको अवधिसम्मका लागि निर्व्याजी ऋण-सहयोग उपलब्ध गराइनेछ । वन जङ्गलको महत्त्वबारे अझ व्यापक रूपमा प्रचार-प्रसार गरी जनचेतना जगाउने काम तीव्र रूपले गरिनेछ । त्यस्तै, आफूलाई दैनिक उपभोगका लागि चाहिने काठ, दाउरा सकभर आफैले आफ्नै निजी जग्गामा वृक्षरोपण गरी उपभोग गर्न पाउने व्यवस्था दुरूपयोग हुन नदिई कार्यान्वयन गर्दै लगिनेछ । वनमा आधारित उद्योगलाई पनि आफैले रूख रोपी त्यसलाई आफै उपभोग गर्ने व्यवस्था गर्ने नीतिअनुरुप निजी वन, कबुलियती वन तथा



२३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पञ्चायती वन, पञ्चायत संरक्षित वनजस्ता सामुदायिक वन विकास गर्ने व्यवस्थ गर्नेछ ।

१०. औद्योगिक व्यवसायमा निजी क्षेत्रलाई प्रोत्साहन दिन औद्योगिक लगानीको वातावरणलाई सुविधाजनक र सरल बनाउने नीति मेरो सरकारले कायम राखेको छ । आगामी वर्ष दुईवटा महत्त्वपूर्ण उद्योगहरू– उदयपुरम सिमेण्ट कारखाना र बाँकेमा कागज कारखाना– स्थापना गर्ने काम सरकारि ागानीमा शुरु गर्ने व्यवस्था मेरो सरकारले मिलाएको छ ।

११. मेरो सरकारले वैदेशिक व्यापारतर्फ अपनाएको उदार नीति कायमै राखी त्यसलाई अझ सरल र प्रभावकारी बनाउँदै लैजानेछ । स्वदेशी उद्योगहरूको खुद उत्पादन क्षमताको आधारमा आवश्यक कच्चा-पदार्थ तथा अत्यावश्यक उपभोग्य वस्तुहरू अन्तर्राष्ट्रिय बजारबाट सुपथ मूल्यमा आयात गर्न दिने नीति कायमै राखिनेछ ।

१२. जनसाधारणका लागि अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरू, विकास निर्माणका सामग्रीहरू र इन्धनको नियमित आपूर्ति एवं आवश्यक सञ्चयतर्फ जोड दिइनेछ । विगत केही वर्षदेखि देशमा भइरहेको मुद्रास्फीतिलाई मेरो सरकारले गम्भीरतापूर्वक लिएको छ । यसलाई वाञ्छित सीमाभित्र नियन्त्रण गर्न वित्तीय तथा मौद्रिक उपायहरू प्रयोग गर्नुका साथै अत्यावश्यक वस्तुहरूको आपूर्ति बढाएर तथा पर्याप्त सञ्चितिको व्यवस्था गरेर मूल्यमा अस्वाभाविक वृद्धि एवं अभावको स्थिति पैदा हुन नदिन मेरो सरकार निरन्तर सचेष्ट रहनेछ ।

१३. नेपालमा आउने पर्यटकहरूको संख्या वृद्धि भइरहेको सन्दर्भमा सम्भाव्य पर्यटनस्थलहरूको विकास र विस्तार गरी पर्यटन सेवालाई अझ आकर्षक र सुविधायुक्त बनाउँदै लग्न विदेशी तथा स्वदेशी निजी क्षेत्रका उद्यमीहरूबाट समेत लगानी आकर्षित गर्ने नीति अपनाइनेछ । आन्तरिक हवाई सेवालाई भरपर्दो र सुदृढ तुल्याउनुका साथै शाही नेपाल वायुसेवा निगमको अन्तर्राष्ट्रिय सेवालाई सम्भाव्यताका आधारमा अरू विस्तार गर्ने कार्य जारी राखिनेछ ।

१४. आवास तथा नगर विकास कार्यक्रमलाई सुनियोजित रूपमा सञ्चालन गर्न मेरो सरकारले आवश्यक संस्थागत आधारहरूको व्यवस्था गर्नेछ । यसका



229

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साथै निजी क्षेत्रमा प्रतिस्पर्धाको आधारमा आवास कम्पनीहरूको व्यवस्था गर्न मेरो सरकारले प्रोत्साहन दिनेछ । न्यून आय वर्गका लागि आवासको व्यवस्था सुलभ गराउने विशेष कार्यक्रम समेत तर्जुमा गरिनेछ ।

ग्रामीण क्षेत्रमा ठाउँ सुहाउँदो र कम खर्चिलो आवास प्रविधिको पहिचान गरी त्यसको जानकारीलाई व्यापक बनाइनेछ । ग्रामीण आवास ऋणसम्बन्धी नयाँ कार्यक्रम प्रारम्भ गरिनेछ । स्थानीय सम्भाव्यताको आधारमा उपयुक्त देखिएका ठाउँ र सेवा केन्द्रहरूमा घना बस्ती विकास कार्यक्रमको पनि शुरुवात गरिनेछ । ग्रामीण क्षेत्रमा खानेपानी आयोजनाहरू सञ्चालन गर्ने कार्यलाई जनसहभागिता जुटाई व्यापक गर्ने कार्यनीति मेरो सरकारले लिएको छ । सकिएका आयोजनाको स्वामित्व उपभोक्ता समूहलाई हस्तान्तरण गर्ने नीति लागू गरिनेछ । नगर पञ्चायतहरूमा निर्माण हुने खानेपानी आयोजनाहरूका लागि साधन जुटाउन तथा कार्यान्वयन गर्नमा नगर पञ्चायतको सहभागिताको व्यवस्था गरिनेछ । ढल निर्माण कार्यमा पनि ढल सुविधा उपभोग गर्नेहरूले मिलेर खर्चको केही अंश व्यहोर्न प्रोत्साहन दिइनेछ ।

१५. आधारभूत आवश्यकता परिपूर्ति गर्ने लक्ष्य अनुसार विद्यालय नक्साङ्कन एवं शिक्षक-विद्यार्थी अनुपातको आधारमा मेरो सरकारले अधिराज्यभर प्राथमिक शिक्षा विस्तार गर्दै लानेछ । कक्षा एकदेखि पाँचसम्मका पाठ्यपुस्तकहरू क्रमिक रूपले निःशुल्क उपलब्ध गराउने नीति लिएकोमा मेरो सरकारले आगामी वर्ष अधिराज्यभरका चार र पाँच कक्षाका छात्राहरूलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनेछ । विद्यालय स्तरको शिक्षा हाल दश वर्षको रहेकोमा यसलाई कायमै राखी अझ दुई वर्ष थप गरी बाह्र वर्ष गर्ने विषयमा पनि मेरो सरकारले अध्ययन गर्दैछ । शिक्षण पेशालाई बढी आकर्षक र मर्यादित तुल्याउन प्राथमिक तथा माध्यमिक दुवै तहका शिक्षकहरूको पदलाई चार-चार श्रेणीमा वर्गीकरण गरी उनीहरूलाई वृत्ति विकासको अवसर दिइनेछ । यही क्रममा शिक्षा तथा संस्कृति मन्त्रालयको जिल्लादेखि केन्द्रीय तहसम्मको सङ्गठनात्मक ढाँचामा परिवर्तन गरी विद्यालय निरीक्षण व्यवस्थालाई सुदृढ गरिनेछ । देशलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चाहिने सीपयुक्त जनशक्तिको आवश्यकता पूरा गर्ने हेतुले प्राविधिक शिक्षालयको विस्तार गर्नुका साथै यसको व्यवस्थापन पक्षलाई अझ सुदृढ गरिनेछ ।

नेपाल अधिराज्यको गौरवमय निधिको रूपमा रहेका ऐतिहासिक तथा धार्मिक स्थलहरूको स्याहार, सम्भार र संरक्षण गर्ने नीतिलाई अझ सुदृढ गर्दै लगिनेछ ।

१६. प्राथमिक स्वास्थ्य सेवातर्फ प्रत्येक गाउँ पञ्चायतसम्म एक-एक ग्रामीण स्वास्थ्य कार्यकर्ता र प्रत्येक वडामा एक सामुदायिक स्वास्थ्य स्वयम्सेवकको माध्यमबाट सेवा उपलब्ध गराउन तालीम दिने व्यवस्था मिलाइनेछ । साथै एकीकृत स्वास्थ्य कार्यक्रमलाई अझ सङ्गठित तवरले विस्तार गर्दै लगिने सिलसिलामा स्वास्थ्य चौकी र जिल्ला अस्पतालको सेवालाई बढी सुव्यवस्थित गरिनेछ। अन्य स्वास्थ्य निकायहरूको क्षमतामा वृध्दि गर्दै दैवी प्रकोपको सामना गर्ने व्यवस्थाको पनि विकास गरिनेछ ।

१७. देशको सर्वाङ्गीण विकासका लागि लिइएका नीति तथा कार्यक्रमहरू जनसाधारणलाई बोध गराई कार्यान्वयनमा जनताको सक्रिय सहयोग जुटाउन सञ्चारका विभिन्न माध्यमहरूलाई प्रभावकारी तवरबाट प्रयोग गरिनेछ। पत्र-पत्रिका लगायत सञ्चारका विभिन्न माध्यमहरूद्वारा जनतालाई तथ्यपूर्ण जानकारी उपलब्ध गराएर प्रजातान्त्रिक मान्यता कायम राख्ने विषयमा मेरो सरकार सजग रहनेछ । मेरो सरकारले जिल्लाको प्रत्येक इलाकामा इलाका हुलाक र गाउँ पञ्चायतमा गाउँ पञ्चायत हुलाक क्रमिक रूपले स्थापना गर्दै जानेछ । चालू धनादेश सेवाबाट भुक्तानीमा सघाउ पुऱ्याउन आगामी वर्षदेखि धनादेश परिचालन कोषको स्थापना गरिनेछ। अधिराज्यभर क्रमिक रूपमा ट्रङ्क टेलिफोन सेवा विस्तार गर्ने प्रक्रिया आगामी वर्ष पनि चालू रहनेछ। रेडियो नेपाल अधिराज्यभरि सुनिने गराउन प्रसारण प्रणालीको विस्तार गर्ने काम जारी राखिनेछ । नेपाल टेलिभिजनको प्रसारण क्षमतालाई वृद्धि गर्ने योजना तर्जुमा गरिएको छ र तदनुसार कार्यान्वयनका लागि मेरो सरकारले व्यवस्था मिलाउनेछ ।

१८. सडक यातायातमा आगामी वर्ष पनि महेन्द्र राजमार्गको बाँकी खण्ड उत्तर-दक्षिण राजमार्गहरू र ती मार्गलाई क्षेत्र, अञ्चल र जिल्ला सदरमुकाम



२३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ूरूसँग जोड्ने सहायक मार्गको निर्माणलाई मेरो सरकारले जोड दिनेछ। तवर्ष बाढीले क्षति पुऱ्याएका सडकहरूको पुर्ननिर्माण समयबद्ध रूपमा पूरा र्ने ध्यान दिइनेछ। पहाडी क्षेत्रमा घोडेटो बाटो र झोलुङ्गेपुल निर्माणमा तीव्रता याई पञ्चायतहरूको सहभागिता व्यापक पार्दै लगिनेछ।

जल यातायातको सम्भाव्यता देखिएका ठाउँहरूमा जल यातायात वा सञ्चालन गर्ने काममा निजी उद्यमीहरूलाई प्रोत्साहित गरिनेछ। केबुल ार, रोप-वे लगायत यातायातका अन्य साधनहरू निर्माण गरी सेवा सञ्चालन मेतका लागि निजी क्षेत्रबाट लगानी गर्न चाहेमा आवश्यक प्रोत्साहन दिने नीति ेरो सरकारले अपनाउनेछ।

१९. जलसम्पदाको सदुपयोग गर्ने परिप्रेक्ष्यमा आगामी दशकका लागि ावश्यक पर्ने विद्युत्शक्तिको आपूर्ति गर्ने क्षमता भएको अरुण जल-विद्युत् ायोजनाका लागि विभिन्न अन्तर्राष्ट्रिय संस्था र मित्रराष्ट्रहरूबाट सहयोग ुटाई कार्यान्वयन गर्ने व्यवस्था मेरो सरकारले मिलाएको छ। यस क्रममा, स आयोजनाको निर्माणस्थलसम्म पुग्न बनाउनुपर्ने सडकको काम आगामी ार्थिक वर्षदेखि शुरु गरिनेछ।

कृषि विकास तथा उद्योगहरूका लागि भरपर्दो विद्युत् सेवा उपलब्ध राउनुका साथै ग्रामीण जीवनस्तर उठाउन ग्रामीण विद्युतीकरण कार्यक्रमलाई ेरो सरकारले विस्तार गर्दै लग्नेछ।

२०. विकेन्द्रीकरणको नीतिअनुरुप स्थानीय पञ्चायतहरूको काम, र्तव्य र अधिकारबारे व्यापक जनचेतना जगाई स्थानीय विकासको लागि ्रोत र साधन जुटाउन पञ्चायत विकास तथा जग्गा कर लगाउनका लागि जिल्ला पञ्चायतबाट माग भएमा स्वीकृति दिने नीति मेरो सरकारले कायम ाख्नेछ। हिमाली तथा दुर्गम क्षेत्रमा समानुपातिक विकासका लागि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नेतर्फ पनि मेरो सरकारले ध्यान दिनेछ।

वर्गीय सङ्गठनहरूको भूमिका र दायित्वसम्बन्धी स्वीकृत नीति र कार्यक्रम अनुसार आपसी समन्वय र प्राथमिकता कायम गरी वर्गीय सङ्गठनहरूलाई सक्रिय गराइनेछ।

234



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. मेरो सरकारले आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमला केन्द्रविन्दु बनाई केन्द्रदेखि जिल्ला स्तरसम्मका विभिन्न प्रशासनिक इकाईहरूक सङ्गठनात्मक सुधार र सुदृढीकरणको कार्य आगामी वर्ष पनि जारी राख्नेछ निजामती सेवाका विभिन्न तहमा दक्षता वृद्धि गर्ने उद्देश्यले तालीम कार्यक्रमहरूला अझ स्तरयुक्त र प्रभावकारी बनाउन तालीमसम्बन्धी नीतिको तर्जुमा गरिनेछ राष्ट्रसेवकहरूको मनोबल र कार्यक्षमतालाई अझ उच्च बनाउँदै लैजा उनीहरूलाई उचित संरक्षण र प्रोत्साहन दिइनेछ । राष्ट्रसेवकहरूको तलबम यथासम्भव वृद्धि गर्नेतर्फ पनि मेरो सरकारले ध्यान दिनेछ ।

२२. नेपाल प्रहरीको सङ्गठनलाई योजनाबद्ध ढङ्गले सुदृढ बनाउँ लैजाने क्रम जारी रहनेछ । नागरिकता प्रमाणपत्र वितरणको काम शीघ्रतापूर्वक सञ्चालन गर्ने दृष्टिकोणले मेरो सरकारले सामयिक कदमहरू चालेको छ यस सन्दर्भमा बाँकी देखिएका कामहरू पनि सम्पन्न गर्दै जान आवश्यक व्यवस्थ मिलाइनेछ ।

२३. समाजमा देखापर्ने विभिन्न दुराचार र विकृतिहरूलाई निरूत्साहि गरी न्याय, नैतिकता र सदाचारजस्ता मूल्य र मर्यादालाई प्रतिष्ठित गर्न मेर सरकार सदा सचेत र क्रियाशील रहनेछ । शाही नेपाली सेनालाई पनि समयानुकूल दक्ष र सक्षम बनाउँदै लगिनेछ ।

२४. शान्तिपूर्ण सह-अस्तित्व, असंलग्नता तथा संयुक्त राष्ट्र संघक बडापत्रमा आधारित सिद्धान्तहरूप्रति दृढ आस्था राख्दै संसारका सबै शान्तिप्रि राष्ट्रहरूसँग मैत्री सम्बन्ध बढाउने नेपालको परराष्ट्र नीति कायम नै राखिनेछ यहीअनुरुप अहिलेसम्म उनान्सय राष्ट्रहरूसँग कूटनैतिक सम्बन्ध स्थापना भइसकेक छ भने नेपालको शान्तिक्षेत्र प्रस्तावप्रति समर्थन जनाउने राष्ट्रहरूको संख्य अब एकान्नब्बे पुगेको छ । यसतर्फ प्रयास जारी नै राखिनेछ ।

२५. गतवर्ष कार्तिक महिनामा काठमाडौंमा सम्पन्न भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको तेस्रो शिखर सम्मेलन सफलतापूर्वक सम्पन्न हुनु सबैलाई सन्तोषको विषय भएको छ । दक्षिण एशियाली राष्ट्रहरूको क्षेत्री खाद्य-सुरक्षा भण्डार स्थापनासम्बन्धी सम्झौता, आतङ्कवादको दमनसम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हासन्धि तथा प्राकृतिक विपत्तिको रोकथाम र पर्यावरण सन्तुलनसम्बन्धी ध्ययन गर्ने निर्णय सम्मेलनका केही महत्त्वपूर्ण उपलब्धि हुन्। यसवर्ष श्रीलंकामा ने चौथो सार्क शिखर सम्मेलनले पनि यस क्षेत्रका राष्ट्रहरूबीच आपसी हयोग, मित्रता र शान्तिको अभिवृद्धिमा अर्को आयाम थप्नेछ भन्ने हामीले ाशा राखेका छौं।

६. संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को अस्थायी सदस्यमा नेपाल पुनः र्वाचित भएको र राष्ट्र संघीय शान्ति तथा निःशस्त्रीकरणसम्बन्धी एशियाली न्द्र काठमाडौंमा स्थापना हुने भएबाट नेपालको शान्तिपूर्ण परराष्ट्र नीतिलाई श्व समुदायले पनि मन पराएको बुझिन्छ। त्यस्तै, अफगानिस्तानबाट विदेशी ौज र अफगानी शरणार्थीहरूको स्वदेश फिर्ती कामको रेखदेख गर्ने संयुक्त राष्ट्र ंघको सैनिक सहायता समूहमा शाही नेपाली सेना पनि सरिक हुनु राष्ट्र संघीय ान्ति प्रयासमा नेपालको थप योगदान हुन पुगेको छ।

७. गतवर्ष हामीबाट गरिबक्सेको जनवादी गणतन्त्र चीनको औपचारिक मणबाट नेपाल तथा चीनबीच रहिआएको परम्परागत मैत्री सम्बन्ध अरू लियो भएको छ। त्यसैगरी, हाम्रो मैत्रीपूर्ण निमन्त्रणामा गतवर्ष स्पेनका नरेश ाजश्री हुवाँ कार्लोस तथा महारानी सोफियाबाट गरिबक्सेको नेपालको राजकीय मणले दुई देशबीचको सम्बन्ध बढाउने काममा योगदान गरेको छ। हाम्रा धानमन्त्रीको निमन्त्रणामा संघीय गणतन्त्र जर्मनीका चान्सलर महामहिम ा. हेल्मुट कोल तथा श्रीलंकाका प्रधानमन्त्री श्री रणसिंघे प्रेमदासाले गर्नुभएको पालको औपचारिक भ्रमणबाट नेपाल तथा संघीय जर्मनी एवं श्रीलंकाबीच हिआएको मैत्रीपूर्ण सम्बन्धहरूलाई अझ गाढा बनाउन योगदान पुगेको छ।

८. हाम्रो विकास प्रयासमा हामीलाई सहयोग प्रदान गर्ने विभिन्न न्तर्राष्ट्रिय संघ-संस्था तथा मित्रराष्ट्रहरूप्रति हामी आभार व्यक्त गर्न चाहन्छौं।

९. अन्त्यमा, नेपाल र नेपालीको समष्टि हितका कार्यमा सबैको मझदारी र सहयोग सदा अपेक्षित रहन्छ। राष्ट्रियता, राष्ट्रिय एकता र ाधीनताको संरक्षण र सम्वर्द्धन हुने कार्यमा आफ्नो भावना र क्षमताको सदुपयोग



२३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्दै सम्पूर्ण देशवासीहरूको जीवनस्तर उठाउने कार्यहरूको सफल कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्नु नै राष्ट्रिय विधायिकाका सदस्यहरू लगायत सबै पञ्चहरूको आज प्रमुख कतव्य हुन आएको छ। पञ्चायती प्रजातन्त्रको आदश तथा सार्वजनिक जीवनका मान्यताहरूअनुरुप आचरण गरेर नै विधायिकाको मर्यादा र प्रतिष्ठा कायम रहनुका साथै जनताप्रतिको दायित्व सार्थक हुन जानेछ। राष्ट्र र जनताको बृहत्तर हितका लागि हुने कार्यमा मेरो सरकारले सदा झैं सबैबाट सहयोग पाउने विश्वास हामीबाट राखिबक्सेका छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

आज्ञाले,
जीवनलाल सत्याल
राष्ट्रिय पञ्चायतको सचिव

2360



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।